**तुर्माखाँद गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तुर्माखाँद, अछाम**
**"नीति तथा कार्यक्रम-२०७९/०८०"**
**"शिक्षा,कृषि र जलाधार, समृद्ध तुर्माखाँदको मुल आधार"**

तुर्माखाँद गाउँपालिकाको गाउँ सभाका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु,सम्पूर्ण कर्मचारी मित्रहरु, सञ्चारकर्मी साथीहरु, र प्रत्यक्ष प्रसारण सुनिरहनु भएका स्वदेश तथा विदेशमा रहनु हुने आम गाउँपालिकावासी आमा बुवा दाजुभाई तथा दिदिबहिनीहरु,

## तुर्माखाँद गाउँपालिकाको गाउँ सभाको दोस्रो अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

१. लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात ऐतिहासिक संविधान सभाबाट जारी नेपालको संविधानलेव्यवस्था गरेको संघीय शासन प्रणाली बमोजिम २०७९ साल बैशाख ३० गते सम्पन्न भएको दोस्रो स्थानीय तहको निवार्चन पछि तुर्माखाँद गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । निर्वाचनबाट हामीलाई मतदान मार्फत निवार्चित गर्नुहुने आदरणीय तुमाखाँद वासी आमा, बुवा,दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

२. यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र राष्ट्रियता, जनजिविका साथै अग्रगमनको लागि नेपाली जनताले गर्दै आएको जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । तीन वर्षदेखि विश्वभर महामारीको रुपमा फैलिएको कोभिड—१९ को असरले हाम्रो तुर्माखाँद गाउँपालिकाका धेरै व्यक्तिहरु प्रभावित भए। यस क्रममा अमुल्य जीवन गुमाउनु हुने सबैमा हार्दिक श्रद्धान्जलीका साथै वहाँहरुका आफन्त तथा परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्न चाहन्छु ।

३. समग्र तुर्माखाँदको विकास र समृद्धिका लागि नेपालको संविधान तथा सघं, प्रदेश र स्थानीय का कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानूनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । शिक्षाबाट नै समाजमा दिगो विकास र समृद्धि प्राप्त गर्न सकिन्छ भन्ने

गाउँपालिकाको स्पष्ट धारणा रहेको छ । आन्तरिक सुशासन र सबल प्रशासनको विकास, गाउँबासीको आर्थिक हैसियतमा सुधार, कृषि, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, पूर्वाधार विकास, सामाजिक विकास, कला संस्कृतिको संरक्षण, पर्यटन पर्वद्धन, वन तथा वातावरण संरक्षण, युवा परिचालन, वडा कार्यालयहरुको क्षमता विकास, रोजगारी, उद्यमशिलता, खेलकुद, विपद व्यवस्थापन, न्याय निरुपण, पिछडिएको वर्ग, समुदाय, महिला, दलित, जनजाति, असहाय, फरक क्षमता भएका व्यक्ति, बालबालिका, मानव अधिकार प्रर्वद्धन जस्ता विषयगत क्षेत्रहरुका लागि यो नीति तथा कार्यक्रम निर्देशित रहेको छ ।

४. आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सबै राजनीतिक दल, पूर्व जनप्रतिनिधिहरु,कर्मचारीहरु, सरकारी र गैर सरकारी क्षेत्र, शिक्षक, बुद्धिजिवी, नागरिक समाज,सरोकारवालाहरु, सबै पेशा, व्यवसायमा, आबद्ध महानुभावहरु आम तुर्माखाँद गाउँपालिका बासी आमा बुवा दाजुभाइ तथा दिदीबहिनीहरुको सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक आव्हान गर्दछु ।

**आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,**

सर्वप्रथम म गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. गाउँपालिकाको केन्द्र देखि ७ वटा वडाहरुमा सडक सञ्जाल जोडिएको ।

२. केन्द्रिय विद्युत लाइन विस्तार कार्य गाउँपालिका केन्द्र सम्म जडान गरिएको ।

३. पालिकाका थुप्रै समुदाय तथा संस्थाहरुमा खानेपानीको पहुँच विस्तार गरिएको ।

४. पालिकाका ४,७ र ८ नं. वडा कार्यालय तथा स्वास्थ्य चौकी रहफ,धमाली र तोषीको आफ्नै भवन निर्माण भएको ।

५. सामुदायिक विद्यालयहरुमा पक्की भवन निर्माण कार्य सञ्चालन भएको ।

६. गर्भवती महिलाको निः शुल्क भिडियो एक्सरे सेवा सुचारु गरी सुत्केरी महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको ।

७. कोराना महामारीको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कामहरु भएको ।

८. कर्णाली नदि माथि भुलू र दैलेख जोड्ने झुलुङ्गे पुल निर्माण गरिएको ।

९. कृषि क्षेत्रको विकास र आधुनिकीकरणका लागि नश्ल सुधार, कृषि पकेट, फलफुलका विरुवा, विउ बिजन वितरण, पलास्टीक घर, भकारो सुधार, बाख्रा, बुङ्गुर, कुखुराका चल्ला वितरण, विसादी वितरण, कृषि औजारहरुको वितरण गरिएको ।

१०. किसानहरुको क्षमता अभिवृद्धिका लागि सीपमुलक तालिमको व्यवस्थापन भएको ।

११. कर्मचारीहरुको पेसागत क्षमता र सीप विकासका लागि विभिन्न तालिम तथा कार्यशाला गोष्ठी सञ्चालन गरिएको ।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सबै वडामा बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको सिर्जना गरिएको ।

**गाउँसभाका सदस्यहरु**

**अब म तुर्माखाँद गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

यस गाउँपालिकाको दीर्घकालिन सोच “शिक्षा, स्वास्थ्य, कृषि,रोजगार र जलाधार:सुखी जनता समृद्ध तुर्माखाँदको आधार” (सुशासन, समृद्धि र समाजवादको आधारः शिक्षा, स्वास्थ्य, कृषि र रोजगार र जलाधार) रहेको छ । यस सोचाइलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिने छ ।

## सामाजिक विकास सम्बन्धी नीति

### (क) शिक्षा

१. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय सम्बद्ध विज्ञहरु रहेको समिति गठन गरी गाउँ शिक्षा सुधार योजना तजुर्मा गरिनेछ ।
२. विद्यालयहरुको शैक्षिक गुणस्तर मापदण्ड तयार गर्न विद्यालय कार्यसम्पादन स्वमुल्यांकन परीक्षण मार्फत विद्यालयको तहगत रुपमा स्तरीकरण गरिने छ ।

३. उच्च शिक्षाको सजिलै पहुँचका लागि तुर्माखाँद गाउँपालिकाको केन्द्रमा क्याम्पस स्थापना गर्न पहल गरिनेछ र माध्यमिक विद्यालयहरुको आवश्यकता अध्ययन गरी कक्षा थप गर्ने नीति अवलम्बन गरिनेछ ।

४. पालिका भित्रको स्थानीय सामाजिक, साँस्कृतिक, वातावरणीय, कृषि, शिक्षा, पर्यटन लगायतका विषयवस्तुमा अध्ययन अनुसन्धान गर्ने पी.एच.डी.गर्ने विद्यार्थी र अन्य अनुसन्धान कर्तालाई विशेष प्रोत्साहन गरिनेछ ।

५. तुर्माखाँद गाउपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च शिक्षा अध्ययनका लागि जेहेन्दार गरीब(दलित,महिला तथा जनजाती समूदायका विद्यार्थीहरुलाइ प्राथमिकता हुने गरी) विद्यार्थीलाई उच्च , प्राविधिक शिक्षा तथा एम.बि.बि.एस. अध्ययनको लागि निश्चित कोटा निर्धारण गरी क्रमागत रुपमा बार्षिक छात्रवृत्तिको व्यवस्था गरिने छ।

६. “एकविद्यालयएकमहिला, दलित शिक्षक”कोव्यवस्थागरिनेछ।

७. व्यवहारिक शिक्षाका लागि अवलोकन तथा शैक्षिक भ्रमण गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

८. गाउँपालिका एक सार्वजनिक पुस्तकालय तथा अध्ययन अनुसन्धान केन्द्र स्थापना गरिनेछ ।

९. गाउँपालिका भित्रका विद्यालयहरुको राम्रा अभ्यास साटासाट गर्न शैक्षिक प्रर्दशनी तथा शिक्षा सम्मेलनको आयोजना गरिने छ ।

१०. शैक्षिक प्रमाण पत्र धितो राखी सहुलियतमा ऋण दिने प्रावधानका लागि पहल गरिने छ ।

११. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न विध्यालयला प्रविधिमैत्री,बालमैत्री,फरक क्षमता भएका व्यक्तिमैत्री,वातावरणको विकास, शिक्षण कला,क्षमता विकास र असल अभ्यास शिक्षण आदान प्रदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. वडा स्तरीय सामुदायिक सिकाइ केन्द्र मार्फत अनौपचारिक शिक्षा र सीप विकास प्रर्वद्धन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

१३. “एकवडाएकनमुनाविद्यालयतथानमुनाबालविकासकेन्द्र”स्थापनागरिनेछ।

१४. पहिलो वर्षमा प्रत्येक माध्यमिक विद्यालयहरुमा ई—हाजिरी व्यवस्थापन गरिने छ ।

१५. माद्यामिक विद्यालयमा एक ल्याब, एक पुस्तकालय, एक बगैचा अनिवार्य व्यवस्थापन गरिनेछ ।

१६. शिक्षाको गुणस्तर अभिवृद्धीका लागि विभिन्न क्षमतामूलक कार्यक्रम मार्फत प्रधानाध्यापक ,शिक्षक र विद्यालय कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

१७. तुर्माखाँद गाउँपालिकाका सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । सबै विद्यालयहरुलाई प्रयाप्त पूर्वाधारसहितको सुविधा सम्पन्न विद्यालयको रुपमा विकास गरिनेछ । विद्यालयमा खानेपानी, शौचालय, खेलमैदान, घेराबार, खेलकुद जस्ता शैक्षिक गुणस्तर अभिवृद्ध कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१८. बालबालिकालाई नियमति विद्यालय पठाँऔ, शिक्षाको गुणस्तर बढाऔं भन्ने मुलनाराका साथ अभिभावक शिक्षा दिईनेछ। तुर्माखाँद गाउँपालिकाका विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्नागरी आगामी वर्ष भित्र शिक्षामा सबैको पहूँच सुनिश्चित गरिनेछ, विद्यालय बाहीर रहेका बालबालिकाको तथ्याङ्क व्यवस्थित गरी विद्यालयको पहुँचमा ल्याईनेछ ।

१९. सामुदायिक विद्यालय प्रतिको अपनत्व अभिबृद्धि गर्न गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली निर्माण गरी शैक्षिक नितिगत समस्यालाई समाधानमा सहजता बनाईने छ। माध्यमिक तहको शिक्षण सिकाई प्रक्रियालाई सहज र प्रभावकारी बनाईने छ ।

२०. माध्यमिक शिक्षा कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालयहरुमा विभिन्न बाहानामा लिईने शुल्क पूर्णरुपमा बन्द गरिने छ । बालबालिकाहरुको निःशुल्क शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरिनेछ ।

२१. आगामी ५ वर्ष भित्र सम्पूर्ण विद्यालयमा विद्युत बिस्तार गरिने छ ।

२२. सामुदायिक विद्यालयको नक्सांकन गरी विद्यालय समायोजन, मिलान तथा सञ्चालन अनुमति प्रदान गरिनेछ ।

२३. हाम्रो विद्यालय हाम्रो जिम्मेवारी भन्ने भावना जागृत गर्न शिक्षक, विद्यार्थी , विद्यालय व्यवस्थापन समिति र अभिभावकबीच अन्तर संवादको व्यवस्था मिलाईनेछ र विद्यालयको स्वमुल्याङ्कनको निति लिईनेछ,

२४. दिवाखाजा कार्यक्रमलाई व्यवस्थित गर्न स्थानीय उत्पादनको उपयोगलाई प्राथमिकता दिईनेछ। दिवा खाजा क्रमशः कक्षा ८ सम्म विस्तार गर्ने लक्ष्यका साथ आगामी आर्थिक वर्ष कक्षा ६ सम्मविस्तार गरिनेछ ।

२५. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी क्रमशः कार्यान्वयन गरिनेछ ।

२६. उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा प्र.अ.लाई पुरस्कृत गरी पेशा प्रतिको आत्मविश्वास र राम्रो कार्यको उचित मुल्याङ्कन गरिनेछ ।

२७. गाउँपालिकामा सञ्चालित प्राविधिक धारको शिक्षाको गुणस्तर वृद्धी गर्न आवश्यक पहल गरिने छ ।

२८. शिक्षक तथा विद्यार्थीको अनुपात अनुसार थप गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन, गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत बालविकास, विद्यालय सहायक कर्मचारी तथा सहयोगी कर्मचारीहरु र गाउँपालिका अनुदानका शिक्षकको तलब यथोचित वृद्धि गरिनेछ ।

२९. स्वास्थ्यका लागि खेलकुद, सबैका लागि खेलकुद अभियानका साथमा गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

३०. राँगाजुझेखालवीन्कान्ना, बाँसकाडामा निर्माणाधिन गाउँपालिका स्तरीय खेलकुद मैदानको स्तरोन्नति गरिनेछ ।

३१. प्रशिक्षणका माध्यमबाट खेलाडीको वृद्धि विकास, क्षमता अभिवृद्धी र उत्प्रेरणा वृद्धी गरिनेछ । स्थानीय तहबाट जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने खेलाडीलाई विशेष सम्मान सहित प्रोत्साहन गरिनेछ ।

३२. आगामि पाँच बर्ष भित्र गाउँपालिका क्षेत्रमा एक वडा एक खेलकुद मैदानको नीति अनुरुप प्रत्येक वडामा खेलकुद मैदान निर्माण गरिनेछ।

३३. विद्यालयमा अध्ययनरत किशोरीहरुका लागि हाईजेनिक स्यानिटरी प्याड वितरण तथा सरसफाई व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

३४. यूवाहरुलाई सिप विकास गरी रोजगारीको अवसर सिर्जना गर्ने नीति अनुरुप सिप विकास तालिम सञ्चालन गरिनेछ।

३५. आगामी पाँच वर्ष भित्र एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरिनेछ। यसै वर्ष देखि कक्षा १२ सञ्चालन रहेका ३ वटा माध्यमिक विद्यालयमा कार्यक्रम लागु गरिनेछ।

३६. आधारभुत विद्यालयलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउनएक विद्यालयएक ल्यापटप वितरण गरिनेछ।

३७. यूवाहरुलाई सक्षम, स्वावलम्बी, अनुशासित, नैतिकवान, बनाउनका लागि यूवा क्लब, बाल क्लब, स्काउट, रेडक्रस मार्फत यूवा परिचालित गरी पालिका यूवा विकास समिति गठन गरी कार्यान्वयन गरिनेछ ।

३८. विद्यालयलाइ अंग्रेजी माध्यममा शिक्षण सिकाइ सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।

**(ख) स्वास्थ्य:**

३९. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न भौतिक पूवाधार निर्माण, स्वास्थ्य संस्थाको स्तरोन्नती गरिनेछ । एक्सरे, ल्याब, भिडियो एक्सरे मेसिन, रेबिज खोप उपकरण सहित दक्ष जनशक्तीको व्यवस्था गरिनेछ ।

४०. प्रत्येक घरधुरीमाअनिवार्य स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।पिछडिएका,गरिब,असाहाय, सिमान्तकृत, लोपोन्मुख लगाएताका लक्षित वर्गलाइ निशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

४१. जेष्ठ नागरिक, अशक्त तथा फरक क्षमता भएका व्यक्ति नागरिकहरुका लागि निःशुल्क घरदैलो स्वास्थ्य परीक्षण तथा उपचार कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. अन्तर पालिका साझेदारीमा बरिष्ट विशेषज्ञ सेवा सहित पालिका स्तरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । साथै माद्यमिक विद्यालयहरुमा विद्यार्थिहरुको स्वास्थ्य परीक्षण सञ्चालन गरिनेछ।

४३. महिलासामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुले स्वास्थ्य सेवामा पुर्‍याउनु भएको योगदानको कदर गर्दै उत्कृष्ट महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन सहित सम्मानको व्यवस्था गरिनेछ ।

४४. आकस्मिक सेवा सञ्चालन गर्नका लागि निःशुल्क एम्बुलेन्स को व्यवस्था गरिनुका साथै आगामी पाँच वर्ष भित्र ८ वटै स्वास्थ्य संस्थामा एम्बुलेन्स सेवा विस्तार गरिनेछ र"एकवडा एक हेली प्याड"बनाउनेनीतिलिइनेछ।

४५. आयुर्वेद उपचार पद्धतिलाई व्यवस्थित गर्न स्थानीय जडिबुटी उत्खनन् तथा प्रशोधन गरिनेछ । योग शिक्षाका लागि योग ध्यानकेन्द्र स्थापना गरिनेछ ।

४६. गाउँपालिकाको केन्द्रमा निर्माणाधिन १० सैयाको अस्पताललाई सम्पन्न गरी २० सैयाको सुविधा सम्पन्न अस्पताल निर्माणका लागि सम्भाव्यता अध्ययन गरी पाँच वर्ष भित्र सम्पन्न गर्ने नीति लिईनेछ ।साथै पालिका भित्र सञ्चालनमा रहेका बर्थिङ्ग सेन्टरको स्तरोन्नती गरिनेछ।

४७. गम्भिर प्रकारका रोग तथा दीर्घरोग बाट संक्रमित व्यक्तिहरुका लागि आवश्यक मापदण्ड तयार गरी औषधोपचारका लागि अनुदान दिइनेछ ।

४८. खोप सेवालाइ सुदृढ र व्यवस्थित गर्नको लागि सबै स्वास्थ्य संस्थाहरुमा फ्रिजको व्यवस्थपान गरिनुका साथै तुर्माखाँद स्वास्थ्य चौकीमा रेविज रोग विरुद्धको खोप सेवा संचालनमा ल्याइनेछ।

४९. सार्वजनिकतथा सरकारी कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था गरिनेछ ।

५०. महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका तथा सुत्केरी महिलाहरुलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

५१. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको क्षमता विकासका लागि उचित तालिमको व्यवस्था गरीनुका साथै गुणस्तरीय स्वास्थ्य सेवा तथा समयमा नै अभिलेख तथा प्रतिवेदनको लागि आठ वटै स्वास्थ्य संस्थामा ल्यापटपको व्यवस्था गरिनेछ।

५२. गुणस्तरीय स्वास्थ्य सेवाको लागि टेलि मेडिसिन प्रबिधिबाट मासिक रुपमा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था गरिनेछ।

५३. उत्तर प्रसुती सेवा सुधार गर्न घरदैलो सेवा प्रदान थप सुदृढ गरिनेछ।

५४. पोषण मैत्री स्थानीय शासन अवलम्बन गरीनुका साथै शिघ्र कुपोषणका बालबालिका तथा गर्भवती महिलाहरुको तथ्याङ्क संकलन गरी उचित व्यवस्थापन गरिनेछ।

५५. बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत सुनौलो हजार दिनका आमाहरुलाई पोषण कोशेली दिइनेछ।

५६. दिगो पोषण सुरक्षाको लागि एक घर एक करेसाबारी बाह्रै महिना हरियो तरकारी कार्यक्रम लागु गर्न पहल गरिनेछ।

**(ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

५७. महिला, दलित, अल्पसंख्यक समुदायलाई सीपमुलक, रोजगारमुलक तालिम दिइ आयआर्जनका क्रियाकलापमा सहभागी गराइनेछ । महिलाले सञ्चालन गर्ने व्यवसायका लागि प्रोत्साहन गरिनेछ ।

५८. महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण तथा वित्तीय साक्षरता, कानूनी साक्षरता, शसक्तिकरणका कार्यक्रमहरु वडातहबाट समेत सञ्चालन गरिनेछ ।

५९. टुहुरा बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

६०. फरक क्षमता भएका व्यक्तिमैत्री पूर्वाधार विकास गरिनेछ। पालिकाभित्रमा ग र घ वर्गका फरक क्षमता भएका(अपाङ्गता) व्यक्तिहरुलाई अध्यक्ष सँग अपाङ्ग सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिनेछ।

६१. पालिकामा कार्यविधि बनाई बाल संरक्षण कोषको व्यवस्था गरिनेछ र बालमैत्री स्थानीय शासन विकास गरिने छ ।

६२. छोरीलाई छोरा सरह अवसर एवं सम्पति दिने घर परिवारलाइ उचित सम्मान गरिनेछ।

६३. सामाजिक सुरक्षा भत्ता लिन नचाहने जेष्ठ नागरिकलाइ सार्वजनिक रुपमा सम्मान गरिनेछ।

६४. दलित, महिला, जनजाति,फरक क्षमता भएका व्यक्ति यूवा लक्षित कार्यक्रम लागू गरिनेछ।

६५. पालिका क्षेत्रमा रहेको ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी, गुफा, शिला, देवल आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाइने छ ।

६६. पालिका क्षेत्रभित्र मनाइने जात्रा, पर्व, मेला, पुजा, परम्परागत जीवनशैली, देउडागीत, ठाडीभाका,मारुनी नाँच, हुड्केउली, पञ्चेबाजा, रत्याउली एवं अन्य साहित्यिक तथा साँस्कृतिक सम्पदाहरुको मुख्य परिचयात्मक विवरण समेटी तुर्माखाँद गाउँपालिकाको साँस्कृतिक प्रोफाइल तयार गरी प्रकाशित गरिने छ ।

६७. परम्परागत लोप हुन लागेका सीपहरु जस्तै आरन, हाते सिलाइ बुनाइ, काठका भाँडाकुडा, माटाका भाँडाकुडा, बाँस, पराल, मोथो, सन, पाठ, अल्ला भिमल प्रशोधन लगायतका सामाग्री, बिभिन्न बाजा बनाउने सीपको संरक्षण र प्रर्वद्धन गर्ने नीति बनाइनेछ ।

६८. महिला,वालवालिका तथा फरक क्षमता भएका व्यक्तिहरुलाई शसक्तिकरण तथा मूलप्रवाहीकरण गर्नहेल्प डेस्क स्थापना गरी कार्यविधी बनाई लागु गरिनेछ।

६९. बालबालिका तथा किशोर किशोरीहरुलाई अनलाइन शिक्षा सम्बन्धी कार्यक्रम लागु गरिनेछ।

७०. गर्भवती तथा सुत्केरी आमा सँग उपाध्यक्ष कार्यक्रम लागु गरिनेछ।

७१. दलितहरुलाइ शसक्तीकरण गर्न दलित अधिकार हेल्प डेस्क स्थापना गरी कार्यविधी बनाई लागु गरिनेछ।

७२. सबै गाउँपालिका बासीहरुलाई छीटो छरितो पहुँच योग्य र प्रभावकारी न्याय सेवा प्रबाह गर्ने नीति अवलम्बन गरिनेछ।

७३. मेलमिलाप तथ बहु सरकारवाल द्धन्द्ध रुपान्त्ररणका लागि मेलमिलाप कर्ता र न्यायिक समितिको क्षमता विकास कार्यक्रम लागु गरिनेछ।

## घ) खानेपानी तथा फोहोरमैला व्यवस्थापन र सरसफाई

७४. ‘‘एकघरएकधारा’’नीतिअनुरुपशतप्रतिशतजनतालाईशुद्धखानेपानीआपुर्तिगरिनेछ।बजारक्षेत्रका अव्यवस्थितनालीतथाखानेपानीकालाईनहरुलाईभुमिगतगरीसञ्चालनगरिनेछ।

७५. वास इकाइलाई खानेपानी तथा स्वच्छता शाखाको रुपमा स्थापना गरिने छ । सार्वजनिक स्थानमा वास सुविधा सहित शौचालयको व्यवस्थापन गरिनेछ ।

७६. दीर्घकालिन खानेपानी आपूर्ति प्रणाली र फोहोर मैला व्यवस्थापनको गुरु योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

७७. मुहान संरक्षणका लागि मुहान वरपर वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ र पानीको स्रोत घट्न नदिन रिचार्ज पोखरी निर्माण गरिनेछ ।

७८. खानेपानी आयोजनाको दीगो व्यवस्थापनका लागि निर्माण गरिएका र निर्माण हुने आयोजनाहरुको लागि  मर्मत सम्भार कोष तथा कर्मचारीको व्यवस्था गरिनेछ ।

७९. सुरक्षित स्थानमा डम्पिङ क्षेत्र बनाइ फोहोरमैलाको व्यवस्थापन गरिने छ र फोहोरको वर्गिकरण गरी समुदायको सहभागितामा फोहोरलाई मोहर बनाउने नीति अनुरुप कम्पोष्ट मल उत्पादन गरिनेछ ।

८०. स्वच्छता हातधुने स्टेसन अभियान सञ्चालन गरिनेछ।

८१. वास क्षेत्रको सूचना प्रणाली अद्यावधिक गरी पालिकाको सूचना प्रणालीलाई राष्ट्रिय स्तरमा समावेश गर्न पालिकाहरुको (NWASH प्रणालीबाट तथ्यांक संकलन गरी वास प्लान WASH-Unit तर्जुमा गरिनेछ । वास प्लानमा तय भएको प्राथमिकताको आधारमा प्रदेश एवम् संघ स्तर तथा अन्य दातृ निकायहरुसंग समन्वय गरी क्रमशः खानेपानी तथा सरसफाइ क्षेत्रको समस्या समाधान गर्दै लगिनेछ ।

८२. योजनाको सञ्चालन तथा मर्मत सम्भार प्रयोजनको लागि वास बोर्ड (WASH-Board) तथा वास यूनिट Wash Unit लाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । बार्षिक रुपमा सञ्चालन तथा मर्मत सम्भार प्रयोजनको लागि आवश्यक बजेट विनियोजन गरी योजनाहरुको मूल्यांकनको आधारमा सहयोग उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।

८३. विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता प्रवद्र्धनगरी पालिकाका सबै विद्यालयहरुलाई तीन तारा(3 Star Model School) प्रर्वद्धन गर्ने कार्यलाई योजनावद्ध रुपमा निरन्तरता दिइनेछ ।

८४. महिनावारी स्वच्छता व्यवस्थापनको लागि वास युनिट (WASH-UNIT) मार्फत जनचेतना अभिवृद्धिगरिनेछ।

८५. कर्णाली जल परियोजना लगायत खानेपानी तथा सरसफाई,जैविक विविधता,जलाधार क्षेत्रका लागि लागत साझेदारीमा कार्यक्रम संचालन गर्न समपुरक कोषको व्यवस्था गरिनेछ।पानीको स्रोत अभाव रहेका वस्ती टोलहरुमा वैकल्पिक उर्जा विद्युतिय माध्यम प्रयोग गरी लिफ्ट सिचाइ,खानेपानीको व्यवस्था गरिनेछ।

**८६.** गाउँपालिकामा गठन भएका खानेपानी उपभोक्ता  समितिको  संञ्जालको क्षमता विकासका क्रियाकलापका साथै सञ्जालमा आवद्ध नभएका खानेपानी योजनाहरुलाइ दर्ता गरी विवरण अद्यावधिक गरिनेछ

## पूर्वाधार विकास

**क) सडक तथा यातायात**

८७. तुर्माखाँद गाउँपालिकाको केन्द्रमा यातायात पार्किङ्ग स्थलको निमार्ण गरिनेछ ।

८८. कमलबजार न.पा. को सिमानाबाट-पुनेपाटा—तुर्माखाँद—जंगलघाट सडकको कालोपत्रेका लागि संघ र प्रदेशसँग आवश्यक समन्वय गरी कार्य थालनी गरिनेछ ।

८९. गाउँपालिकाको केन्द्रदेखि १ नं. वडा रहफसम्म सडक सञ्जाल विशेष प्राथमिकता दिइनेछ। साथै अन्य सबै वडा कार्यालय पुग्ने सडकलाई स्तरोन्नती गरी बाह्रै महिना सञ्चालनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

९०. कमलबजार-जंगलघाट,तुर्माखाँद—रहफ,पुनेपाटा—बेलखेत,वेलखेत-रहफ,तुर्माखाँद—नाडा—वेतनकर्णाली, तुर्माखाँद-बगुरखाल,बाँसकाडा-कुनिगडासडकलाइ गाउँपालिकाको गौरवको योजनाको रुपमा विकास गरिनेछ र सडक छेउमा बायो इन्जिनियरिङ्ग प्रविधिका साथै बृक्षारोपण गरिनेछ ।

९१. सवै वडा कार्यालयका केन्द्रसम्म जोड्ने सहायक सडकहरु आवश्यकताका आधारमा विस्तार तथा स्तरोन्नती गरिनेछ।

९२. गाउँपालिका भित्रका सडकहरुको क्षेत्राधिकार तोकी सडकको अधिकार क्षेत्र भित्र अनाधिकृत रुपमा संरचना निमार्ण कार्यमा रोक लगाइनेछ।

९३.सडक निर्माण सम्बन्धि मापदण्ड तर्जुमा गरी विद्यमान तथा नयाँ निर्माण हुने सडकहरुलाई वातावरण मैत्री बनाइनेछ।

९४. पालिका भित्र रहेका जङ्गलघाट,तल्लो डुङ्गेश्वर, लामादुवाला र कुनिगडा पक्की पुल निर्माणका लागि आवश्यक पहल गर्नुको साथै अन्य झोलुङ्गे पुलहरुको लगत अध्यावधिक गरी सोको रेखदेख तथा मर्मत सम्भार,आवश्यक स्थानमा नयाँ झोलुङ्गे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ।

**ख) भवन सहिंता र घर नक्सा पास**

९५. गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य यसै वर्ष सुरु गरिनेछ ।

९६. आगामि पाँच वर्ष भित्र सम्पूर्ण वडामा वडा कार्यालय भवन र स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गरिनेछ।

९७. सबै विद्यालयहरुलाइ टिनको छाना मुक्त गरी पक्की भवन निर्माण गर्ने लक्ष्य लिइनेछ।

९८. बहु विपद जोखिम नक्साङ्कन र राष्ट्रिय भवन संहिता अनुरुप घर नक्सा पासका लागि योजना तथा भवन मापदण्ड तयारी र कार्यान्वयन गराइनेछ ।

९९. बसाइसराइलाई न्युनीकरण गर्न एकीकृत तथा नमुना वस्ती विकास कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

१००. विपन्न दलित र पछाडि पारिएका समुदायका लागि सुरक्षित आवास कार्यक्रम सञ्चालन तथाभवन आचारसंहिता तथा मापदण्ड बमोजिम नक्सा पास गरी घर निर्माण ईजाजत दिने कार्यको थालनी गरिनेछ ।

१०१. जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाइनेछ ।

१०२. सम्पूर्ण घरधुरीको संख्या गणना गरी घर नम्बर कायम गरिनेछ ।

**ग) सहरी विकास, आवास तथा भूमी व्यवस्थापन**

१०३. भू-उपयोग सम्बन्धी आवश्यक ऐन निर्माण गरी कार्यान्वयन गराइनेछ ।

१०४. जग्गाको वैज्ञानिक नापजाँच सहित विभिन्न कारणले जग्गाधनी पूर्जा गुमाएका परिवारलाई जग्गाधनी पूर्जा वितरण कार्य गर्ने व्यवस्था मिलाइनेछ ।

१०५. जग्गाको नापचाँज कार्यलाइ सरल र व्यवस्थित गर्न पालिकामा रहने गरी अमिनको व्यवस्था गरिनेछ।

१०६. भु उपयोग नीति र कानुन अनुरुप भुमि वर्गिकरण गरी स्थानीय तहको भु उपयोग योजना तयार गरिनेछ।

१०७. तुर्माखाँद बजारमा रहेको खुला मञ्च व्यवस्थापन गरीनेछ। मञ्च नजिक प्रहरी बिट स्थापनाका लागि पहल गरिनेछ।

१०८. एक वडा एक नमुना टोलबस्ती विकासका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

**घ) विद्युतीकरण तथा दुर सञ्चार**

१०९. आ.व. ०७९/०८० मा सबै वडा कार्यालय, स्वास्थ्य संस्थामा विद्युत् लाइनको विस्तार गरिने लक्ष्य लिईनेछ ।

११०. पाँच वर्ष भित्रमा सबै घरवस्तीमा विद्युत्त विस्तारका लागि आधार तयार गरिनेछ । पालिकामा नेपाल विद्युत्त प्राधिकरणको वितरण केन्द्र स्थापनाका लागि पहल गरी विद्युत्त सेवालाई पहुँचयोग्य बनाइनेछ ।

१११. नेपाल टेलिकमसँगको सहकार्यमा भरपर्दो र पूर्ण क्षमताको सञ्चार सेवाका लागि आवश्यक ठाउँमा नेपाल टेलिकमको रिपिटर टावर स्थापनाका लागि पहल गरिनेछ।

११२. पालिकामा सुचनाको सहज सम्प्रेषण र प्रकाशनका लागि साझा सहकारीमा सञ्चालित एक एफ.एम. रेडियो स्थापनाको सम्भाव्यता अध्ययनका लागि पहल गरिनेछ ।

११३. नागरिकका गुनासो सुनुवाइका लागि कार्यालय समयमा फोन गर्दा पैसा नलाग्ने एक टोल फ्री नम्बर सञ्चालनमा ल्याइने छ ।

**ङ) जलस्रोत तथा सिचाइँ**

११४. एकीकृत जलाधार क्षेत्र संरक्षण योजना, बृक्षारोपण एवं ताल तथा पोखरी निर्माण गरिनेछ ।

११५. कर्णाली नदीको तटीय क्षेत्रमा रहेका रानीबन, भैरवस्थान, भुलू, रहफ तुर्माखाँद, नाडाका कृषि योग्य जमिनहरुमा कर्णाली नदिको पानी लिफ्ट प्रविधिद्वारा सिचाइँ सुविधाको व्यवस्था गरिनेछ ।

११६. साना तथा ठुला खोलाको पानीमा पक्की कुलो बनाइ खेती योग्य भूमिमा सिचाइँको व्यवस्था गरिनेछ ।

११७. पानीका स्रोत नभएका खेतीयोग्य जमिनमा वर्षातको पानी जम्मा गर्ने पक्की सिचाइँ पोखरी निर्माण गराइनेछ ।

**च) वन, वातावरण तथा विपद् व्यवस्थापन**

११८. सामुदायिक,कबुलियती र नीजि वन क्षेत्रको अभिलेखीकरण सञ्चालन, नियमन, दीगो व्यवस्थापन तथा संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

११९. बाझो जग्गालांई व्यवस्थापन गर्न टिमुर, अम्लिसो, ओखर लगायत फलफुल खेती प्रर्वद्धन मार्फत नीजि वन विकास रणनीति अपानाइनेछ ।

१२०. प्राकृतिक स्रोत साधनको उपयोग गर्न गराउन वन नदी तथा खोलाजन्य क्षेत्रमा गिट्टी ढुङ्गा तथा बालुवाको उत्खनन तथा प्रयोजनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गराई प्रयोजनमा ल्याइने नीति अवलम्बन गरिनेछ।

१२१. विपद् व्यवस्थापन कोष सञ्चालन गरी प्राकृतिक विपद् न्यूनिकरण गर्न राहत, पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाइने छ । गाउँपालिका भित्र ठुला आयोजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र कार्य सञ्चालन गरिनेछ ।

१२२. बाढी तथा पहिरोको पूर्व सूचना प्रणालीको व्यवस्थापन गरानेछ ।

१२३. आवश्यक सामग्री सहित आपत्कालीन उद्धार केन्द्र वडा तहमा समेत स्थापना गरिनेछ । स्थानीय विपद् व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन इकाइको व्यवस्था गरिनेछ ।

## आर्थिक नीतिः

क) कृषि तथा पशुपन्छी

१२४. जमिन बाँझो राख्न नपाउने नीति बनाइ बाँझो जमिनमा खेति गर्न प्रोत्साहन गरी अनुदानको व्यवस्था गरिनेछ।

१२५. प्रत्येक वडामा नर्सरी प्याडको निर्माण गरिनेछ।

१२६. टिमुर खेति बिस्तारको लागि सम्भाव्यता अध्ययन सँगै पकेट क्षेत्रको निर्धारण गरी उचित अनुदानको व्यवस्था मिलाइनेछ।

१२७. माटो परीक्षण शिविर सञ्चालन गरी माटोको गुणस्तर अनुसार उपयुक्त बाली लगाउन प्रोत्साहन गरिनेछ।

१२८. स्थानीय कृषि उपजको विक्रि वितरणका लागि कृषि हाटबजार, खरिदकेन्द्र, शित गृह स्थापनासँगै बजार मुल्य निर्धारण गरिनेछ ।

१२९. कृषि तथा पशु बिमाका लागि नीति बनाइनेछ ।

१३०. पालिका र वडा तहमा कृषि तथा पशुपंक्षी विशेषज्ञ तथा प्राविधिकहरुको व्यवस्था सहितको शाखा स्थापना गरिनेछ ।

१३१. एक गाउँ एक कृषि प्राविधिकको नीति अबलम्बन गरिनेछ।

१३२. मासु पसल सुधार तथा दुध डेरी स्थापनाका लागि कृषकहरुलाइ प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. एक वडा एक उत्पादन कार्यक्रम लागू गरी औचित्यका आधारमा भैसीं, बाख्रा, बंगुर तथा माछा पालन सम्बन्धि कार्यक्रम सञ्चालन गरीनेछ।

१३४. तुर्माखाँद गाउँपालिकामा बाख्रा स्रोत केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ। गाउँपालिका भित्र उन्नत जातको घाँसहरु रोपण तथा कृषकलाइ उचित अनुदानको व्यवस्था गरिनेछ।

१३५. तुर्माखाँद गाउँपालिका भित्रका कृषकहरुको सफ्टवेयरको माध्यमबाट लगत संकलन गरी वास्तविक किसान पहिचान गरी कृषक परीचयपत्र वितरण गरीनेछ।

१३६. तुर्माखाँद गाउँपालिकाको बगलदेउ, नथखोला, बाँसकाँडामा मत्स्यजातको रेन्बो ट्राउट माछा पालनको सम्भाव्यता अध्ययन गरिनेछ।

१३७. पशुजन्य रोग पहिचान तथा रोग फैलन नदिन रोग नियन्त्रण तथा रोकथामका लागि नमुना संकलन गरी परीक्षणका गर्न पशुपंछि रोग अन्बेषण प्रयोगशाला पठाइने व्यवस्था मिलाइनेछ।

१३८. भुलु, रानीवन, नाडा, तोषी वडामा विषेशज्ञता सहितको पशु स्वास्थ्य शिविर सञ्चालन गरीनेछ।

१३९. गाउँपालिकाको सबै वडाहरुमा गठन भै दर्ता भएका कृषक समुहको साझेदारीमा उन्नतजातका मुर्रा राँङ्गा,बोका वितरण गरिनेछ।

१४०. कृषि,वन,तथा पर्यटन क्षेत्रविकास कार्यक्रमको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

## ख) पर्यटन

१४१. तुर्माखाँद कालसैनी सामुदायिक वनको डाँडालाई धार्मिक तथा साँस्कृतिक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न आवश्यक पूर्वाधारहरु निर्माण गरिनेछ ।

१४२. कर्णाली नदीको जंगलघाट, तुल्ता, असारा क्षेत्रलाई आधुनिक जल पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ ।

१४३. तितौडा, शिवगुफा, शिवगुफा(पाणागडा तोल्ली), बागेश्वरी(नाडा), त्रिवेणीधाम(लोडे),भनथान मालिकाडाडा आमीकोट, नौखम्म,जुम्लीपडा, कैलुपाइला (तोषी) रहफको मालिका र देवल,धमालीको देवल लगायतका क्षेत्रलाई पुरातात्विक तथा धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ

१४४. स्थानीय स्तरमा पाइने विभिन्न प्रजातिका जीवजन्तुको संरक्षण, पर्यटकीय महत्व र खोज तथा अनुसन्धानका लागि एक चिडियाखानाको सम्भाव्यता अध्ययन गरिनेछ ।

१४५. वगलदेव क्षेत्रमा पिकनिक स्पोटका लागि सम्भाव्यता अध्यान गरिनेछ।

## (ग)<u>सहकारी, गरिबी निवारण तथा रोजगार</u>

१४६. यस तुर्माखाँद गाउँपालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माण सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ ।

१४७. यस स्थानिय तहले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

१४८. गाउँपालिका तथा वडागत आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गरि सञ्चालन गरिनेछ ।

१४९. गाउँपालिका अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुलाई स्वरोजगार तथा सिपयुक्त बनाउन सिपमुलक तालिम दिई सोही प्रकारका काममा On the Job Training को व्यवस्था गरिनेछ ।

१५०. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई पूर्व प्रस्थान अभिमुखिकरण लगाएतका अन्य वैदेशिक रोजगार सँग सम्बन्धित तालिमहरुको व्यवस्था गरिनेछ ।

१५१. विभिन्न तालिम प्रदायक संघ संस्था, शाखा कार्यालयहरु तथा वडा कार्यालयहरु मार्फत भएका तालिमहरुको तथ्याङ्क अध्यावधिक गरी उक्त तालिमबाट भए गरेका उपलब्धिहरु सँग सम्बन्धित स्वरोजगार तथा रोजगारी चित्रण गरिनेछ ।

१५२. रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाउन यस सँग सम्बन्धित विभिन्न अभिमुखिकरण लगाएतका कार्यक्रम गरिनेछ ।

१५३. गरिब परिवारको वास्तविक पहिचान गर्न गरिब तथ्यांक संकलन गरिनेछ र ती परिवारका एक सदस्यलाई न्युनतम ६ महिना रोजगारी सिर्जना गरिनेछ ।

१५४. खेती योग्य बाझो जमिनमा उत्पादन गर्न जग्गाधनी र व्यवसायी बीच सहजीकरण गरी बाँझो जग्गा प्रयोग गर्ने किसानलाई प्रोत्साहन गरिनेछ ।

१५५. स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग स्थापना गरी स्वरोजगार सिर्जना गर्ने व्यक्तिलाई सहुलियतमा ऋण उपलब्ध गराउन पहल गरीनेछ ।

१५६. तुर्माखाँद गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन सुरु गरिनेछ।

१५७. एक वडा एक कृषि सहकारीको व्यवस्था गरिनेछ।

१५८. गाउँपालिका स्तरीय कृषि सहकारी स्थापना गरिनेछ ।

१५९. पालिका अन्तर्गतका सहकारीको अवस्था अध्ययन गरी आवश्यकता अनुसार सहकारी मर्ज गरिनेछ।

१६०. नेपाल सरकारले प्रचलित कानून बमोजिम स्थानीय सरकारलाई हस्तान्तरीत विभिन्न वितिय तथा सहकारी संघसंस्थाहरुको अनुगमन तथा नियमन कार्य योजना बनाई लागु गरिनेछ।

१६१. गरीवि निवारणका लागि लघु उद्यमविकास कार्यक्रमलाई नीति तथा निर्देशिका बमोजिम लागु गरिनेछ।

सुशासन तथा संस्थागत क्षमता

१६२. गाउँपालिकाको आन्तरिक आय बृद्धी गर्न राजस्व सुधार कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ।

१६३. म.ले.प.को प्रतिवेदन बमोजिम गत विगतको आ।व। देखी फछ्र्यौट हुन नसकेको बेरुजु कानून बमोजिम फछ्र्यौट गर्न गराउन  बेरुजु फछ्र्यौट कार्य योजना बनाइ कार्यान्वयन गरिनेछ।

१६४. तुर्माखाँद गाउँपालिकाको केन्द्रमा सर्भर प्रणालीको स्थापना गरी सबै वडा तथा स्वास्थ्य चौकीका कामहरुको प्रत्येक दिनको रिपोट तयार गरिनेछ ।

१६५. तुर्माखाँद गाउँपालिका जनप्रतिनिधिहरु तथा शाखाका कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी तालिमको ब्यबस्थापन गरिनेछ ।

१६६. तुर्माखाँद गाउँपालिकामा विद्युतिय हाजिरी र सिसि टिभिको जडान तथा सबै वडा बाट योजना व्यवस्थापन प्रणाली,राजश्व व्यवस्थापन प्रणाली आदिको प्रयोग गरी वडा कार्यलय बाट सेवा सुचारु गरिनेछ।

१६७. सूचना प्रविधि केन्द्र तथा अभिलेख केन्द्रको स्थापन गरी थप सूचनाहरुको पारर्दशिता तथा अभिलेखको व्यस्थापन गरिनेछ ।

१६८. स्वास्थ्य संस्थाबाट वितरणहुने औषधि निशुल्क उपलब्ध गर्ने छाप अनिवार्य लगाउनु पर्ने निति लिइनेछ।

१६९. आगामी आ.व. भित्र विद्युतीय प्रणाली (EFT) मार्फत भुक्तानि गरिनेछ।

१७०. गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र रहेका सरकारी/गैरसरकारी संघसंस्थाहरुलाई कानून बमोजिम नियमन गरिनेछ।

१७१. सार्वजनिक खरिद नियमावली तयार गरी लागु गरिनेछ।

१७२. गाउँ कार्यपलिकाको  कार्यालयमा सोधपुछ कक्ष,दर्ता चलानी,गुनासो तथा सुझाव पेटिका लाइ व्यवस्थित गरिनेछ। नगरिक वडापत्र कार्यान्वयन समिति र गुनासो सुनुवाइ समिति गठन गरी कार्य प्रारम्भ गरिनेछ।

१७३. गाउँपालिकाका अन्तर्गतका वडा कार्यालयबाट उत्कृष्ट सेवा प्रवाह गर्ने, योजनाको गुणस्तर र पारदर्शिता कायम गर्ने वडा कार्यालयलाइ आगामी आ. ब. मा थप ५ लाख रकम बिनियोजन गरिनेछ।

१७४. इन्धनको प्रयोग, दैनिक भ्रमण भत्ता तथा सवारी साधनको दुरुपयोग नियन्त्रण गरिनेछ।

१७५. सेवा प्रवाह जवाफदेहिता अपनाउनुका साथै शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

१७६. आगामि आर्थिक वर्षको प्रथम त्रैमासिक देखि सामाजिक सुरक्षा भत्ता अनिवार्य बैकिङ्क प्रणालि मार्फत भुक्तानी दिने व्यवस्था गरिनेछ।

१७७. कानून बमोजिम आवश्यक्ता र कार्य सम्पादन मूल्याङ्कन बमोजिम कर्मचारी थपघट गरिनेछ।

१७८. कानून बमोजिम उपभोक्ता समूहरसंघरसंस्था तथा समितिलाइ दर्ता गरी नियमन गरिनेछ।

१७९. राष्ट्रसेवक कर्मचारीहरुलाई कार्यसम्पादन मुल्याङ्कनको आधारमा प्रोत्साहन गरिनेछ।

१८०. राष्ट्रसेवक कर्मचारीहरुलाई कार्यसम्पादन मुल्याङ्कनको आधारमा दण्ड र पुरस्कारको नीति लिइनेछ।

१८१. जनतासँग वडा अध्यक्ष कार्यक्रम लागु गरिनेछ।

अन्त्यमा गाउँपालिकाको विकासमा योगदान गर्ने राजनितिक दल,राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजिवी, नागरिक समाज, व्यापारी, यूवा, विद्यार्थि, किसान मजदुर,सामुदायिक क्षेत्र, ,निजी तथा सहकारी क्षेत्र,सञ्चारकर्मी,लगायत सम्पुर्ण दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद**